## होल लिफ्ट खानेपानी तथा सरसफाइ योजना, मुसिकोट ९ , रुकुम (पश्चिम भाग)
## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०२/२०

मुसिकोट नगरपालिका,जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, रुकुम (पश्चिम भाग) जिल्ला अन्तर्गत मुसिकोट नगरपालिकामा सञ्चालित तपसिलको खानेपानी तथा सरसफाइ योजनाका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्री सिमेन्ट,पाइप, फिटीङ्गस् तथा औजारहरू खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, र उपलव्ध गराइएको स्पेशीफिकेशन बमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न शर्तहरूको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

| सिलबन्दी दरभाउपत्र नंम्बर | योजनाको नाम | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (भ्याट र ढुवानी सहित) | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर (फिर्ता नहुने) | ढुवानी गर्नु पर्ने स्थान |
|---|---|---|---|---|
| MM-RUK-LACCP-SQ-002-082/083 | होल लिफ्ट खानेपानी तथा सरसफाइ योजना,मुसिकोट -९ ,रुकुम (पश्चिम भाग) | १३९४६७७.७६ | १००० | होल योजना स्थल सम्म |

शर्तहरुः

१) विभिन्न आवश्यक निर्माण सामग्री, सिमेन्ट,पाइप, फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र फारम तथा गुणस्तर/स्पेसिफिकेशन मुसिकोट नगरपालिकाको कार्यालयका साथै नगरपालिकाको वेभसाईट https://musikotmunrukum.gov.np र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको वेबपेज www.laccp.org.np बाट प्राप्त गर्न सकिनेछ ।

२) दरभाउपत्र पेश गर्दा सुचना प्रकाशन भएको ७ दिन भित्र माथि तोकिएको दस्तुर मुसिकोट नगरपालिकाको नेपाल बैंक लिमिटेड,रुकुम पश्चिम,मुसिकोट शाखामा रहेको मुसिकोट नगरपालिकाको आन्तरिक राजस्व खाता नं. ०७७०३०००००१००१००००००१(राजश्व शिर्षक):१४२२९) मा जम्मा गरेको सुत्र अनलाइन भौचर सक्कलै सहित फर्म/सप्लायरको लिखित निवेदनको साथमा फर्म/सप्लायर दर्ता नवीकरण प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ८ औं (आठौ ) दिनको १२:०० बजे भित्र मुसिकोट नगरपालिकाको कार्यालयमा वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको परियोजना सहयोग इकाइ,विरेन्द्रनगर, सुर्खेतमा पेश गरि सक्नु पर्नेछ। दरभाउपत्र फारम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरू, सिमेन्ट,पाइप तथा फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ। तर सप्लायर्स वा फर्मले सिलबन्दी दरभाउ पत्र दर्ता गर्दा मुसिकोट नगरपालिकाको माथि उल्लेखित राजस्व खातामा जम्मा गरेको भौचरको सक्कल प्रति सिलबन्दी दरभाउपत्र सगै अनिवार्य पेश गर्नुपर्नेछ ।

३) सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८ औं (आठौं) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४) सप्लाई हुने सामग्रीहरूको रकम भुक्तानी उपभोक्ता समितिले होल स्थित योजना निर्माण स्थलमा रहेको गोदाममा ढुवानी भै प्राविधिक चेकजाँच भएपछि मात्र गर्नेछन । यसैले सिलबन्दी दरभाउपत्र सम्बन्धि धरौटी तथा बैंक जमानतको आवश्यकता पर्ने छैन।

५) उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू संकलन गरी यो सूचना प्रकाशित भएको मितिले ९ औं (नौ) दिनमा मुसिकोट नगरपालिकाको कार्यालयमा विहान १०:०० बजे उपभोक्ता खरिद समितिका प्रतिनिधिहरू, नगरपालिका कार्यालयका

प्रतिनिधिहरू, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधि र दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

६) दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ ।

७) दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षर दुबैमा स्पष्ट लेखुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८) दरभाउपत्र फारममा तोकिएका लेख्ने स्थानहरू बाहेक, अन्यत्र कुनै पनि थप नोट, संकेत तथा कुनै जानकारी लेख्न पाइने छैन।

९) म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

१०) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ।

११) अन्य शर्तहरू परियोजनाको खरिद कार्यविधि २०८२ वमोजिम हुनेछ । थप शर्तहरू दरभाउपत्र साथै संलग्न गरिएको छ

१२) यो सूचनामा केहि संशोधन गर्नु परेमा सोको सूचना नगरपालिकाको सूचना पाटीमा तथा माथि उल्लेखित वेभसाईटमा जानकारी गराइनेछ ।

१३) अन्य थप जानकारी चाहिएमा ९८५११७२९२१ मा सम्पर्क गर्न सकिनेछ ।

मनकुमारी

मन कुमारी ओली

खरिद समिति संयोजक

होल लिफ्ट खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, मुसिकोट ९, रुकुम (पश्चिम भाग)